मिति- २०७४ वैशाख १७ गते

**प्रेस विज्ञप्ति**

घोषित मितिमा निर्वाचन नगरी बारम्बार मिति सार्ने, कतै सार्ने कतै नसार्ने र हुँदा हुँदा कतै सीमांकन फेर्ने र मतदाता थप्ने समेत सरकारी निर्णय धमाधम हुँदैछ । निर्वाचनकाबीचमा बजेट जारी गर्ने कुरालाई मतदातालाई प्रभाव पार्ने विषय होइन भनि अपब्याख्या गर्न थालिएको छ । कतिपय नगरपालिकालाई महानगरपालिका घोषित गर्नुपर्ने माग पनि थपिएको छ । निर्वाचन सुरक्षाका लागि गरिएको व्यवस्थापनका बारेमा सुरक्षा निकायहरु नै असमन्जसमा परेका छन् । निर्वाचन आयोग निर्वाचनको अन्तरवस्तु, सिद्धान्त र संवैधानिक मान्यतालाई बिर्सिएर जसरी सरकारको राजनीतिक अभीष्टप्रति लतारिन थालेको छ । त्यसले स्वच्छ निर्वाचन हुने कुरामा द्विविधा सृजना गरेको छ ।

निर्वाचन प्राविधिक विषयमात्र होइन । राजनीतिक अधिकारमार्फत नागरिकले आफ्ना आर्थिक सामाजिक सांस्कृतिक अधिकारको जोहो गर्ने र त्यसलाई अद्यावधिक गर्ने माध्यम पनि हो । कानूनको शासन र लोकतन्त्रको सर्वमान्य सिद्धान्तले भन्छ जनताको अधिकार थप्न पाइन्छ घटाउन पाइन्न । तर जनतामा अन्यौल थप्ने र स्थानीय तहको अधिकार खोस्ने कुरा गरिएको छ । राजनीतिक दलहरु विभिन्न ठाउँमा मतदाता समक्ष पुग्न सकिरहेका छैनन् । उम्मेदवारले सुरक्षा, मर्यादा र स्वतन्त्रता अनुभूति गर्नसक्ने वातावरण तराईका कतिपय निर्वाचन क्षेत्रमा छैन । अपायक, टाढा रहेका र अपाङ्गता भएका व्यक्तिहरुका लागि मतदान केन्द्रहरु कसरी सहज हुने हो ? मतदानको गोपनीयतालाई मतदान केन्द्रमा कसरी सुनिश्चित गरिएको छ भन्ने बारेमा निर्वाचन आयोगले प्रष्ट पार्न सकेको छैन । मतदान केन्द्रमा मतदान गर्ने ठाउँ मतदाताको सङ्ख्या र मतपत्रमा छाप लगाउन लाग्ने समयको आँकलन गरी धेरै बनाउनुपर्ने देखिएको छ ।

निर्वाचन सबै नागरिकका लागि पवित्र उत्सव हो । नेपालका सञ्चार गृहहरु सामाजिक उत्तरदायित्वका हिसाबले पनि नि:शुल्क सहयोग गर्न तत्पर हुन सक्छन् । यस्ता सम्भावनाप्रति आयोगले ध्यान दिन सकेको छैन । यस्ता विषयमा स्वच्छ निर्वाचनका लागि नागरिक अभियानको सचिवालयको ध्यानाकर्षण भएको छ ।

वैशाख ३१ र जेठ ३१ गतेका लागि घोषित निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित हुन अति आवश्यक छ । घोषित स्थानीय तहको निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न स्वच्छ निर्वाचनका लागि नागरिक अभियानको सञ्जालमार्फत हार्दिक आग्रह गर्दै तपसीलमा उल्लेखित विषयमा सरोकारवालाको ध्यानाकर्षण गराउन चाहान्छौं ।

- ठूलो मतपत्र भएका कारण मतदाता अल्मलिनसक्ने सम्भावनालाई ख्याल राख्दै ठूला फ्लेक्सहरुमार्फत व्यापक प्रचार प्रसार र मतदाता सचेतना आवश्यक छ ।
- मतदान केन्द्रको दूरी ५ किलोमिटर टाढासम्म छ । यसर्थ अपाङ्गता भएका मानिसहरु, वृद्धवृद्धाको मतदान सुनिश्चितता गरिनुपर्छ ।
- मतदान गर्ने (स्क्रिनिंग सेन्टर) ठाउँ बढाउनु पर्छ । एक बुथमा कम्ती २-३ वटा छाप लगाउने ठाउँ व्यवस्था गरिनुपर्छ ।
- उम्मेदवार र निर्वाचन आयोगको मतदाता शिक्षा कार्यक्रममा समेत आक्रमण भइरहेको सन्दर्भमा सुरक्षाको प्रत्याभूति कायम गरिनुपर्छ ।
- तराईका दक्षिणी भेगमा मतदाता, उम्मेदवारको मर्यादा, सुरक्षा र स्वतन्त्रताको स्थिति राम्रो छैन, यसतर्फ ध्यान दिनुपर्छ ।

ईन्द्र अर्याल
सहअध्यक्ष

सुबोधराज प्याकुरेल
सहअध्यक्ष

बहिष्कृत पूर्व लडाकु नेपाल
सामुदायिक रेडियो प्रशारक संघ
निर्वाचनका लागि युवा, साझा अभियान
निर्वाचन पर्यवेक्षण समिति
नेपाल मानव अधिकार सङ्गठन
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)



**Secretariat**
Citizen's Campaign for Clean Election (CCCE)
Informal Sector Service Centre (INSEC)
Tel.: 5218770 Fax: 015218251; Email: cleanelection2017@gmail.com; Website: www.cleanelection.org